# निःशुल्क शिक्षा ? राज्य-सञ्चालित विद्यालयमा पातलिएका सार्वजनिक-निजी सीमा

**उमा प्रधान र कारेन भ्यालेन्टिन**

"मूल्य नतिरेको वस्तुलाई मानिसले त्यति महत्त्व दिँदैनन् । त्यसैले, कमै भए पनि प्रवेश शुल्क र त्रैमासिक परीक्षा शुल्क लिने गरेका छौँ । [तर] सरकारी विद्यालय भएकाले अरू कुनै मासिक शुल्क भने लिँदैनौँ ।" काठमाडौँबाट करिब ३० किलोमिटर टाढा एउटा व्यस्त पहाडी शहर नयाँ डाँडा[१] मा रहेको सरकारी विद्यालय[२]—सुनौलो माध्यमिक विद्यालय (मावि)[३]—का प्रधानाध्यापकको भनाइ हो यो । उनको यो भनाइले शिक्षाको गुणस्तर सम्बन्धी नेपालमा विद्यमान "जति महँगो त्यति राम्रो (गुणस्तरीय)" भन्ने आम दृष्टिकोण उजागर गर्छ । विद्यालय शिक्षाको आर्थिक र प्रतीकात्मक मूल्य बीचको जटिल सम्बन्ध एवं शिक्षामा आर्थिक लगानीले खेल्ने महत्त्वपूर्ण भूमिका समेत यस भनाइमा अन्तर्निहित देखिन्छ । साथै, यो अभिव्यक्तिले शिक्षामा सार्वजनिक र निजी बीचका भेद मेटिँदै गएको तथ्यलाई उजिल्याउँछ । वास्तवमा, यो नेपालको वर्तमान शिक्षा प्रणालीमा हावी हुँदै गएको चरित्र पनि हो । विद्यालय शिक्षामा स्थानीयबाट हुने आर्थिक योगदानका विविध तौरतरिकाबारे प्रकाश पार्दै विद्यालयको नेतृत्व वर्ग, शिक्षक र अभिभावकले शैक्षिक प्रावधानलाई अझ बढी पहुँचमुखी र वैधानिक बनाउन कसरी शैक्षिक क्षेत्रको आर्थिक मानचित्र कोरेका छन् भन्ने कुराको उत्खनन यो मानवशास्त्रीय (एथ्नोग्राफिक) अध्ययनले गर्दछ ।

नेपालमा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क भनिएको छ । तर व्यवहारमा सो निःशुल्क छैन; सरकारी विद्यालयले अभिभावकसँग मासिक शुल्क नलिए पनि वार्षिक भर्ना

[१] लेखमा प्रयुक्त शहर, स्कूल, व्यक्ति, आदि सबैलाई छद्‌म नाम दिइएको छ ।

[२] सन् २००१ देखि यता नेपालका सरकारी विद्यालयहरूलाई जनाउने आधिकारिक पदावली "सामुदायिक विद्यालय" हो । तर यो एक ऐतिहासिक विशिष्ट संरचना भएकोले हामीले विद्यालय-राज्य बीचको सम्बन्धमाथि जोड दिनका लागि "सरकारी विद्यालय" पदावली प्रयोग गरेका छौँ ।

[३] नयाँ डाँडाका सबैभन्दा पुराना विद्यालयमध्ये सुनौलो मावि एक हो । यो अझै पनि त्यस इलाकामा प्रतिष्ठित छ । स्थलगत अनुसन्धानको वेला यो विद्यालयमा कक्षा १ देखि १२ सम्म करिब ८०० विद्यार्थी थिए । कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई प्राविधिक विषयका रूपमा सिभिल इन्जिनियरिङको समेत यहाँ पढाइ भैरहेको छ ।

*समाज अध्ययन* १६ : ४१–६३, २०७८

शुल्क, त्रैमासिक परीक्षा शुल्क, विद्यालय पोसाक, टाइ, डायरी, आदि शीर्षकमा शुल्क उठाउँछन् (पराजुली, उप्रेती र गुरुङ सन् २०१९) । यथार्थमा, विद्यार्थीबाट उठाइने यस्ता शुल्कले नै सरकारी शिक्षा प्रणालीलाई ठूलो भरथेग गरेका छन् । निजी शिक्षण संस्थामा उपलब्ध हुने शैक्षिक सुविधाहरू सरकारी विद्यालयले समेत प्रदान गर्नुपर्छ भन्ने बढ्दो मागले पनि सरकारी विद्यालयका खर्चहरू बढ्छन् । त्यस्ता शैक्षिक सुविधा "गुणस्तरीय शिक्षा" को लागि आवश्यक छन् भन्ने कुरामा अधिकांश अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिको सम्मति छ । त्यसैले, सरकारी विद्यालयले अभिभावकबाट शुल्क उठाएर निजी प्रकाशनका महँगा पाठ्यपुस्तक पढाउने, विभिन्न विषयका अतिरिक्त ट्यूशन कक्षा सञ्चालन गर्ने, अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने जस्ता गतिविधि गरिरहेका छन्, जसबारे हामी तल थप चर्चा गर्नेछौँ । यस्ता शैक्षिक अभ्यासको आधारभूमि असफलतातर्फ लम्कँदै गरेको भनिने वर्तमान नेपालको राज्यसञ्चालित शैक्षिक प्रणाली बारेको मूलधारे संकथन हुन् भन्ने हाम्रो तर्क छ । यस्ता कथ्यहरूमा प्राय: विद्यार्थीको सिकाइ उपलब्धि, अभिभावकको संलग्नता, शिक्षकको प्रभावकारिता र विद्यालय व्यवस्थापन जस्ता मुद्दामा सरकारी विद्यालयको निजी विद्यालयसँग तुलना गरिन्छ । तिनमा सरकारी विद्यालयको प्रभावकारिता खराब रहेको तथा सरकारीको दाँजोमा निजी विद्यालयहरू "गुणस्तरीय शिक्षा" प्रदान गर्न सफल रहेको दाबी गरिन्छ । सरकारी सेवा-प्रवाह कमसल र अत्यन्त सुस्त भएका तथा राज्यका निकायहरू भित्रैदेखि भ्रष्ट हुन्छन् भन्ने आम विश्वासले पनि सरकारी शिक्षा क्षेत्रको सामाजिक वैधता वा स्वीकार्यतामा ह्रास आएको हो । यो लेखमा उल्लिखित उदाहरणहरू अवैध या गैरकानूनी नै हुन् भन्न मिल्दैन, तथापि त्यस्ता कार्यहरू यस्तो "स्पेस" मा गरिन्छन् जहाँ वैधानिक-अवैधानिक, औपचारिक-अनौपचारिक, नियमित-अनियमित र सार्वजनिक-निजी बीचका सीमारेखा एकदमै पातलिएका हुन्छन् । यस्ता अस्पष्ट एवं धुमिल "स्पेस" हरूलाई कसरी परिभाषित गर्ने भन्नेमा कुनै स्पष्ट मत नहुँदा विविध खाले भ्रष्ट आचरण सम्बन्धी शंकाले पुट पाउँछ (गुप्ता सन् १९९५; शोर र हेलर सन् २००५; एण्डर्स र नुइज्तेन सन् २००७) । नेपालको सन्दर्भमा पनि सोही कुरा भन्न सकिन्छ किनभने शिक्षा क्षेत्रमा भएका वित्तीय "अनियमितता"—जस्तै विद्यालयको रकम दुरुपयोग—लाई सरकारी क्षेत्रमा हुने अनियमिततामध्ये प्रमुखता साथ रिपोर्टिङ गरिएको पाइन्छ (भट्ट र बुढाथोकी सन् २०१३) ।

"गुणस्तर" सम्बन्धी विचारधारालाई बजारले केन्द्रमा राख्दै कसरी प्रवर्धन गर्छ, अनि सो मुद्दाले विद्यालय प्रशासक, शिक्षक र अभिभावकमाझ सरकारी शिक्षालाई आर्थिक सहायता जुटाउने अभ्यासहरूलाई कसरी प्रभाव पारिरहेको छ, र त्यसले समग्र नेपालको शिक्षा क्षेत्रलाई कसरी गँजेटिरहेको छ भन्ने कुराको अन्वेषण यो लेखले गर्दछ । दैनिक रूपमा विद्यालय सञ्चालन गर्दा आइपर्ने आर्थिक समस्याहरू सुल्झाउन र आंशिक रूपमा

उनीहरूले बुझेको "गुणस्तरीय शिक्षा" को प्रवर्धनमा पनि यसले सघाउँछ । अर्को शब्दमा भन्नु पर्दा, यस्ता समस्याका व्यावहारिक र वैचारिक आयामहरू छन्, जुन समकालीन नेपालमा आर्थिक र प्रतीकात्मक तवरमा कसरी विद्यालय शिक्षालाई महत्त्व दिइन्छ भन्ने कुरासँग पनि जोडिन्छ ।

छर्लंग देखिने गरी दुई तहका शिक्षा प्रणाली नेपालमा विद्यमान रहेको परिप्रेक्ष्यमा हामीले "गुणस्तरीय शिक्षा" को अवधारणालाई बुझ्नुपर्ने हुन्छ । एकतिर गरिब वर्गका लागि थोरै लगानी गरिने सरकारी विद्यालय छन् भने अर्कोतिर विविध खाले निजी शिक्षण संस्थाहरू छन् । पछिल्ला (निजी) संस्था समाजका विभिन्न वर्ग र तप्काका सदस्यलाई लक्षित गरी खुलेका छन् । निम्नमध्यम वर्गका सदस्य आफ्ना बच्चालाई अलि कम शुल्क लाग्ने "बोर्डिङ" मा पढाउँछन् भने धनीमानी वर्गका बच्चाका लागि शहरका महँगा, नामी शैक्षिक संस्थाहरू उपलब्ध छन् । शिक्षाको व्यापारीकरण तथा निजी शिक्षण संस्थाको बढ्दो रोजाइ नेपाली समाजका लागि नयाँ कुरा नभए पनि गएका दुई दशकमा यसको विस्तार तीव्र गतिमा भएको छ । सार्वजनिक शिक्षा प्रणाली समेत अहिले बजारकै संयन्त्रमा भर पर्न थालेको छ, र यसले गर्दा एउटा विडम्बनापूर्ण स्थिति सिर्जना भएको छ : सरकारी विद्यालय भनिए पनि तिनमा निजी सहयोग (अभिभावकले तिर्ने शुल्क) को हिस्सा उल्लेख्य हुन्छ । र, सोही निजी क्षेत्रबाट हुने लगानीका कारण ती विद्यालयले अभिभावक र विद्यार्थीको आँखामा वैधता (लेजिटेमेसी) प्राप्त गर्छन् । सरकारी विद्यालयलाई "सामुदायिक विद्यालय" को रूपमा पुन:वर्गीकरण गरिएसँगै यसैसँग गाँसिएर आएका सामुदायिक स्वामित्वका अवधारणाले सामुदायिक क्षेत्रमा गरिने निजी आर्थिक सहयोग जुटाउने कार्यलाई नयाँ वैधता समेत प्रदान गरेको छ, जसबारे हामी पछि थप चर्चा गर्नेछौँ ।

नेपालमा सरकारी र निजी शिक्षा प्रणाली बीचका भेद धुमिल हुँदैगएको परिप्रेक्ष्यमा यो लेखले "गुणस्तरीय शिक्षा" को मूल्यमाथि ध्यान केन्द्रित गर्दै शैक्षिक मानवशास्त्रका दुई दृष्टिकोण—(आधुनिक) शिक्षाको प्रतीकात्मक मूल्य प्रतिको दृष्टिकोण र पैसा सम्बन्धी मानवशास्त्रको दृष्टिकोण—लाई जोड्छ । आर्थिक मानवशास्त्रको साहित्यमा पैसालाई विनिमयको माध्यम र मूल्यको भण्डारण (मुजिओ र रबिन्स सन् २०१७ : ३) को साथसाथै सामाजिक सम्बन्ध, र प्रतीकात्मक प्रणाली (माउरर सन् २००६ : २७) दुवै माध्यमको रूपमा व्याख्या गर्दै पैसासँग सम्बन्धित बहुल अर्थलाई औँल्याइएको छ । मानवशास्त्रीय दृष्टिकोणबाट हेर्दा पैसा आफू परिचालित हुने विनिमय र सञ्जालको एउटा अभिन्न अंग हो, जसले सामाजिक सम्बन्ध, द्वन्द्व र अन्तर्निहित सम्बन्धलाई समेत निर्धारण गर्छ (हार्ट र ओर्टिज सन् २०१४ : २६६) । यो लेखले पैसाको भौतिक रूपसँग कुनै सरोकार राख्दैन; तर नेपालका नयाँ शैक्षिक संस्था र कर्ताहरू सहितको बदलिँदो शैक्षिक बजार रहेको विद्यमान परिप्रेक्ष्यमा यस लेखले विभिन्न बदलिँदो आर्थिक सम्बन्ध र शैक्षिक

कारोबार प्रणालीसँग भने सरोकार राख्छ । शैक्षिक क्षेत्रमा आर्थिक लगानीको बदलिँदो परिस्थिति र नेपालमा विद्यमान अत्यन्तै जेलिएको दुईखाले शिक्षा प्रणालीको परिप्रेक्ष्यमा आर्थिक कारोबारसँग सम्बन्धित थुप्रै सामाजिक आर्थिक अर्थहरूले हाम्रो ध्यान खिचेको छ (पेरी र ब्लच १९८९) । अभिभावक र विद्यार्थीहरू जसरी निजी र अर्ध निजी संस्थागत संरचनाहरू—जहाँ आफूले तिरेको पैसा माफिकको शैक्षिक गुणवत्ता उपलब्ध हुन्छ भन्ने ठानिन्छ—तर्फ कुदेका छन्, त्यसले यो कुरालाई प्रस्ट्याउँछ ।

सार्वजनिक हितको वस्तुको रूपमा नेपालमा शिक्षालाई जसरी उत्पादन र वितरण गरिएको छ त्यसले शिक्षामा लगानीका जटिलताहरूलाई प्रस्ट्याउँछन् । सार्वजनिक शिक्षा सञ्चालनमा समुदायको (आर्थिक) योगदान र साझेदारीको महत्ताबारे (ब्रे सन् १९९६; गोपालन सन् २०१३) र निजी लगानीका "छायाँ शिक्षा" को बढ्दो महत्ता (ब्रे र क्वो सन् २०१३) बारे अन्यत्र विश्वमा भैरहेका बहससँग नेपालको सन्दर्भ जोडेर हेर्न सकिन्छ । तसर्थ, संसारभर चलेका शिक्षाको प्रत्यक्ष तथा परोक्ष व्यापारीकरण प्रक्रिया तथा शिक्षा नीतिहरूमा यसले पारेका प्रभावमाथि भइरहेका बृहत् बौद्धिक बहस (हेर्नुहोस्, झाङ र ब्रे सन् २०१७) मा यो लेखले योगदान पुऱ्याउँछ । विद्यालय शिक्षाबारे गरिएका पछिल्ला अध्ययनले नेपालको शिक्षामा बढ्दो निजीकरणको अभिलेखीकरण गरेका छन् (भट्ट सन् २०१४; कार्की सन् २०१६; पराजुली, उप्रेती र गुरुङ सन् २०१९; जोशी सन् २०१९) । यो लेखले भने "मूल्य" लाई विश्लेषणात्मक औजारको रूपमा प्रयोग गर्दै सरकारी विद्यालयहरूमा बजारका धक्काहरूको अन्वेषण गर्छ । र, नेपालको "निःशुल्क" भनिने सरकारी शिक्षाका लागतका अर्थहरूबारे नयाँ प्रकाश पार्दछ । शैक्षिक मानवशास्त्र र आर्थिक मानवशास्त्रका साहित्यलाई एकै ठाउँमा ल्याएर यो लेखले नेपालको शिक्षा प्रणालीमा सरकारी र निजी क्षेत्र बीचको बदलिँदो सम्बन्ध र यससँग सम्बन्धित पृथक् शैक्षिक अभ्यासहरूसँग जोडिएका आर्थिक र प्रतीकात्मक मूल्य बारेका बुझाइलाई विस्तार गर्ने लक्ष्य लिएको छ ।

नेपालको शैक्षिक प्रक्रिया प्रतिको हामी दुवैको रुचिबाट जन्मेको यो लेख मूलतः प्रधानले अक्टोबर २०१६ देखि मे २०१७ सम्म र मार्च–अप्रिल २०१९ मा गरेको स्थलगत अनुसन्धानमा आधारित छ । विद्यालय परिसरभित्र एवं वरिपरिका वस्तीहरूबाट संकलित तथ्यांकलाई समेत लेखमा प्रयोग गरिएको छ । साथै, दैनिक विद्यालय भ्रमण तथा बिहानी प्रार्थना सभा; कक्षा कोठामा दिइने निर्देशनको अवलोकन; र अभिभावक, विद्यार्थी, शिक्षक र अन्य प्रशासनिक कर्मचारी सँगको अन्तर्क्रियाबाट प्राप्त सूचनालाई समेत विश्लेषण गरिएको छ । विद्यालयका प्रधानाध्यापक तथा शिक्षकसँग विद्यालयभित्र र बाहिर गरिएका औपचारिक अन्तर्क्रियाका र विद्यालयमा भएका नियमित "जमघट" विद्यालयका उतारचढाव सम्बन्धित जानकारी प्राप्त गर्ने महत्त्वपूर्ण स्रोतहरू बने । एउटा विद्यालयमा लामो समय लगाएर गरिएको स्थलगत अनुसन्धान र मानवशास्त्रीय सिद्धान्तमा

टेकेको यो लेखको वैधता परिमाणात्मक प्रतिनिधित्वबाट होइन कि विश्वव्यापी रूपमा बढ्दो सार्वजनिक शिक्षाको व्यापारीकरण बारेको बृहत् प्राज्ञिक अध्ययन सँगको विमर्शबाट सिर्जित हुन्छ । तसर्थ, सुनौलो माविबाट प्राप्त प्राथमिक सामग्रीहरू सार्वजनिक शिक्षामा लगानीका चुनौतीहरू चियाउने झ्याल हुन्, जसबाट खास गरी "निःशुल्क" शिक्षाको लागि आर्थिक सहयोग जुटाउने विभिन्न संयन्त्र र अभ्यासबारे बुझ्न सकिन्छ ।

## "आधुनिक" शिक्षाको अभ्युदय र सार्वजनिक शिक्षामा लगानीको समस्या

शैक्षिक मानवशास्त्र सम्बन्धी उर्वर साहित्यले पश्चिममा आधारित, धर्म सापेक्ष शिक्षा कसरी आधुनिकता, प्रगति र विकाससँग सम्बन्धित अवधारणासँग जोडिन पुगेको छ भन्ने देखाउँछ । र, उत्तर औपनिवेशिक समाजमा पनि यस्तो शिक्षालाई सामाजिक गतिशीलता र सामाजिक न्याय प्राप्ति तर्फको मूल कडीको रूपमा पेश गर्ने गरिएको छ (फुलर सन् १९९१; स्ट्याम्बाक सन् २०००; भ्यालेन्टिन सन् २००५) । त्यसै गरी, नेपालको शिक्षा बारेका अध्येताले पनि सन् १९५० को दशकमा शुरू भएको आधुनिक आम शैक्षिक प्रणालीले "नयाँ आधुनिक नेपाल" को निर्माणमा अन्य क्षेत्रले भन्दा बढी योगदान दिएको कुरा औंल्याएका छन् (हेर्नुहोस्, न्यापले सन् २०१९ : १०५; क्याडेल सन् २००७; भ्यालेन्टिन सन् २०११) । नेपालको यस्तो परिवर्तनशील शैक्षिक परिप्रेक्ष्यमा एक थरी अध्येताहरूले आम शिक्षाले राष्ट्रिय पहिचानको प्रतीकको रूपमा खास प्रकारको "नेपालीपन" को प्रवर्धन गर्‍यो भन्ने अवधारणा अगाडि सारेका छन् (वन्त सन् १९९६; स्किनर र हल्याण्ड सन् १९९६) । अर्का थरी अध्येताले नेपाली शिक्षा प्रणालीले शहरी एवं पश्चिमेली पहिचानलाई विकासको रूपमा (पिग सन् १९९२) र शिक्षाको अवधारणालाई पहिचानको आधुनिकीकरणको प्रक्रियाको रूपमा (भ्यालेन्टिन सन् २०११) व्याख्या गरेका छन् । आधुनिकता र विकासको प्रतीकको रूपमा हेरिएको नेपालको निःशुल्क एवं अनिवार्य विद्यालय शिक्षाको व्यवस्थाले देश र जनतालाई "अन्धकारबाट बाहिर" ल्याउन मद्दत गर्ने अपेक्षा गरिएको थियो (पाण्डे, केसी र ऊड सन् १९५६ : ७१) । सबैका लागि शिक्षा, सहश्राब्दी विकास लक्ष्य र दिगो विकास लक्ष्य जस्ता शिक्षासँग सम्बन्धित अन्तर्राष्ट्रिय विकास कार्यक्रमले यस्तो मान्यतालाई अझ अगाडि बढाउन सहयोग गरे । शिक्षा प्रतिको यस्तो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताका कारण शिक्षामा राज्यको निरन्तर प्रयत्न एवं लगानी सुनिश्चित भएसँगै इतिहासमै सबैभन्दा धेरै विद्यार्थी अहिले विद्यालयहरूमा पढिरहेका छन् । सन् २०१७ को तथ्यांकले नेपालमा कुल ३५,६०१ विद्यालयहरू रहेको देखाउँछ (जीओएन सन् २०१७बी) । सन् १९५१ मा जम्मा ३२१ विद्यालय भएकोमा यहाँसम्म आइपुग्नु अवश्य नै महत्त्वपूर्ण फड्को हो । विद्यालय क्षेत्र विकास योजनाका अनुसार शिक्षामा राज्यको लगानी बढ्दो छ । सन् १९९९ मा

मुलुकको कुल गार्हस्थ्य उत्पादनको २.९ प्रतिशत लगानी शिक्षामा थियो भने सन् २०१० मा सो बढेर ४.७ प्रतिशत पुगेको देखिन्छ (जीओएन सन् २०१६ : ७) ।

सन् २००१ मा नेपालको शिक्षा क्षेत्रमा बृहत् पुनःसंरचना गर्न खोजियो । शिक्षा ऐन, सन् १९७१ मा गरिएको सातौँ संशोधनले सरकारी विद्यालयलाई समुदायमा हस्तान्तरण गर्न ढोका खोल्यो । साथै, निजी लगानीमा सञ्चालित विद्यालयलाई "संस्थागत" र सरकारी विद्यालयलाई "सामुदायिक विद्यालय" भनी मुख्य गरी दुई प्रवर्गमा विभाजन गऱ्यो ।[४] यो कदमले स्थानीय स्तरमै सेवा पुऱ्याउने (सर्भिस डेलिभरी) राज्यको लक्ष्यलाई चित्रित गर्नुका साथै "सामुदायिक स्वामित्व" को संकथनमा समेत परिवर्तन ल्यायो (कार्नी र विष्ट सन् २००९; एडवार्ड्स सन् २०११; भट्ट सन् २०११; रेग्मी सन् २०१७; प्रधान, श्रेष्ठ र भ्यालेन्टिन सन् २०१९) । नेपाल सरकारले यी "सामुदायिक" विद्यालयलाई बर्सेनि निश्चित रकम अनुदान दिन्छ, जस अन्तर्गत सीमित संख्यामा शिक्षक र विद्यालय कर्मचारीको तलब खर्च, विद्यालय प्रशासन खर्च र पाठ्यपुस्तक खर्च समेटिन्छ । यस बाहेक दलित, छात्रा, अपांगता भएका, कर्णाली क्षेत्रका विद्यार्थीका लागि पनि राज्यले केही छात्रवृत्तिको व्यवस्था गरेको छ । कुल विद्यार्थी संख्या र कक्षा संख्याको आधारमा सामुदायिक विद्यालयले रकम पाउने गरेका छन् । सरकारले दिने अनुदानबाट मात्र सामुदायिक विद्यालयको सबै सञ्चालन-खर्च पूरा नहुने हुँदा बाँकी खर्च स्थानीय समुदायबाट विभिन्न तवरबाट उठाइने गरिएको छ (जीओएन सन् २०१६; पराजुली, उप्रेती र गुरुङ सन् २०१९) ।

विद्यालय क्षेत्र विकास योजना अनुसार "सामुदायिक विद्यालय" ती हुन् जसको स्थापनामा स्थानीय समुदायको भूमिका हुन्छ र तिनको सञ्चालनका लागि आवश्यक पर्ने स्रोतको केही अंशको (नगद या जिन्सीको रूपमा) जोहो पनि स्थानीयले नै गर्दछन् (जीओएन सन् २०१६ : १२३) । नेपालको नयाँ संविधानले माध्यमिक तह सम्मको शिक्षालाई "राष्ट्रिय, संघीय र स्थानीय सरकार तथा समुदायको साझा जिम्मेवारी" को रूपमा लिएको छ (जीओएन सन् २०१६ : १०६) । समुदायको संलग्नताले विद्यालय शिक्षामा स्थानीयको स्वामित्व एवं प्रभावकारी शासन सुनिश्चित गर्छ, र त्यो विद्यार्थीको राम्रो प्रदर्शन, शिक्षाको गुणस्तर, अनुगमन र शिक्षा योजनाका लागि वाञ्छनीय छ भन्ने ठानिन्छ (कार्नी र बिष्ट सन् २००९) । तथापि, हामीले अन्यत्र छलफल गरे जस्तै (प्रधान, श्रेष्ठ र भ्यालेन्टिन सन् २०१९) विकेन्द्रीकरणका औपचारिक कार्यक्रमद्वारा निर्मित र तिनीहरूमै लक्षित स्वामित्वका यस्ता स्वरूपलाई समाजमै विद्यमान स्वामित्वका अवधारणाको रूपमा बुझ्नुपर्छ । हुन त विद्यालयको स्थापना एवं मर्मत सम्भारमा समुदायको सक्रिय संलग्नताको चलन विद्यालय शिक्षाको यो विकेन्द्रीकरण नीति लागू हुनुभन्दा पहिलेदेखि नै नेपालमा विद्यमान थियो ।

[४] सरकारी आँकडा अनुसार नेपालमा कुल २९,०३५ सामुदायिक विद्यालय र ६,५६६ संस्थागत विद्यालय छन् (जीओएन २०१७बी : २७) ।

र, यसले सार्वजनिक र निजी "डोमेन" बीच एक विशेष खालको पारस्परिक सम्बन्धलाई झल्काउँथ्यो पनि। यद्यपि, पछिल्लो समय सरकारी विद्यालयभित्र र अन्यत्र पनि शिक्षालाई वस्तुकरण गरिएपछि यस्ता सम्बन्धहरूमा पनि परिवर्तन आएको छ।

सन् १९५० को दशकदेखि राष्ट्रिय आम शिक्षा प्रणाली र त्ससँगै पाठ्यक्रम संस्थागत भएसँगै र अझ खास गरी सन् १९८० को दशकको मध्यतिरबाट राजनीतिक र आर्थिक उदारीकरणका कारण शिक्षाको व्यापारीकरणको बाटो खुलेपछि समानान्तर तहको रूपमा निजी शिक्षाको उदय भयो (क्याडेल सन् २००७)। भट्ट र बुढाथोकी (सन् २०१३ : ३) का अनुसार निजी विद्यालयहरू आफ्ना "समकक्षी सरकारी विद्यालयभन्दा अन्तर्निहित रूपमै उत्तम" रहेको र विद्यार्थीका लागि "जीवनमा मौकाहरू विस्तार गर्न" सक्षम छन् भन्ने प्रभाव जनमानसमा सिर्जना गर्न सफल भएका छन्। चाहे ती सम्भ्रान्त पढ्ने महँगा स्कूल होऊन् या तल्लो तप्कालाई लक्षित गरिएका साधारण बोर्डिङ होऊन्, ती सबैले आफूलाई अंग्रेजी माध्यमवाला विद्यालयको रूपमा चिनाउँछन्। र, विद्यार्थीको भविष्य उज्ज्वल—नेपालभित्र होस् वा बाहिर—बनाउने गोरेटोको रूपमा आफूलाई पस्कन ती सफल छन् (लिक्टी सन् २००३; भ्यालेन्टिन सन् २००५; क्याडेल सन् २००७)। परिणामतः सरकारी विद्यालयप्रति मानिसको विश्वास आम रूपमा घटेको छ, र तिनले अहिले मूलतः विपन्न वर्गलाई मात्रै शिक्षा प्रदान गर्दैछन्। सरकारी प्रतिवेदनमा पनि "सामुदायिक विद्यालयमा" विद्यार्थीको संख्या घट्दै गएको उल्लेख गरिएको छ :

> केही सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दैछन्, जसका पछाडि विद्यालयको खराब प्रदर्शन, संस्थागत विद्यालयहरूप्रति अभिभावकको बढ्दो आकर्षण र विद्यालय वरपरको इलाकामा भएको जनसांख्यिक परिवर्तन आदि कारण देखिन्छन्। (जीओएन सन् २०१७ए : ४०)

सरकारी र निजी विद्यालय भिन्न हुन् भन्ने आमधारणा विपरीत ती विद्यालयबीच प्रस्ट रूपमा कित्ताकाट गर्न नसकिने र दुई बीचको भेद मेटिँदै गएको यो लेखको जिरह छ। नेपालमा शिक्षाको निजीकरण सम्बन्धी अध्ययनमध्ये केहीले निजी र सरकारी विद्यालयको तुलनात्मक अध्ययन गरेका छन् (भट्ट र बुढाथोकी सन् २०१३; थापा सन् २०१५); केहीले निजी विद्यालयहरूलाई केन्द्रमा राखेका छन् (क्याडेल सन् २००७; जोशी सन् २०१९), र अरू केहीले सरकारी विद्यालयको उतार-चढावमा ध्यान केन्द्रित गरेका छन् (कार्नी र विष्ट सन् २००९; कार्की सन् २०१६)। यो अध्ययनले भने बजार संयन्त्रहरूका आधारमा सरकारी विद्यालय सञ्चालन हुने क्रम बढ्दो छ, र निजी क्षेत्रका विद्यालयलाई जे सूचकले मापन गरिन्छ तिनै सूचकको आधारमा सरकारी विद्यालयले आफ्नो उपस्थिति र औचित्य

पुष्टि गर्छन् भन्ने देखाउँछ । अनि, अभिभावकहरू पनि निजी शिक्षातर्फ झन् भन्दा झन् बढी ढल्किँदै गएको देखिन्छ । केही अध्ययनले सरकारी विद्यालयमा "अर्ध-निजी नीतिहरू" रहेको या तिनीहरूले "आवासीय विद्यालयको नक्कल" गर्ने देखाउँछन् (भट्ट र बुढाथोकी सन् २०१३ : २०; भट्ट सन् २०१४) । यो लेखले सार्वजनिक शिक्षाको त्यस्तो बजारमुखी चरित्रका आयामबारे विश्लेषण गर्छ । साथै, "गुणस्तरीय शिक्षा" लाई बढ्दो रूपमा मानव विकास एवं बालबालिकाको अवसरमा सुधार ल्याउने प्रमुख मार्गको रूपमा लिइएको परिप्रेक्ष्यमा नेपालमा भने सार्वजनिक शिक्षाको गुणस्तरको बहसलाई विभिन्न तवरबाट "वस्तुकरण" गरिएको तथ्यलाई यो लेखले प्रकाश पार्छ । हामीले यो लेखमा तीन ओटा उदाहरण पेस गरेका छौँ—अघोषित शुल्कको अभ्यास, निजी प्रकाशकका किताब (पाठ्यपुस्तक) को प्रवर्धन, र निजी अतिरिक्त कक्षा (ट्यूशन) को व्यवस्था । आर्थिक रूपमा टिक्न मात्र नभै "गुणस्तरीय शिक्षा" को संकेत दिनका लागि सरकारी विद्यालयहरू कसरी निजी स्रोतहरूमा निर्भर छन् भन्ने कुरा यी तीन उदाहरणले विभिन्न तवरले देखाउँछन् । नेपालको शिक्षा प्रणालीमा सरकारी र निजीबीच देखिने यस्तो अस्पष्टता नौलो कुरा होइन । तथापि, सरकारी विद्यालय सञ्चालनका लागि आर्थिक सहयोग जुटाउने स्थानीय समुदायको तथाकथित "साझा जिम्मेवारी" ले यी विद्यालयप्रति आम जनताको विश्वास बढेको छ भन्न सकिँदैन । बरु, यस विपरीत, विकेन्द्रीकरण र सामुदायिक स्वामित्वको संकथनले शिक्षा प्रणालीभित्र मौलाउँदै गएको वस्तुकरणलाई ढाकछोप गर्ने तथा "निःशुल्क शिक्षा" को भ्रमलाई जीवित राख्ने काम भने गरेको छ (तुलना गर्नुहोस्, श्रीवास्तव र नोरोन्हा सन् २०१६) ।

## "निःशुल्क शिक्षा" को लागत

सुनौलो मावि नियमित गतिविधिमा व्यस्त देखिन्थ्यो । अभिभावक र विद्यार्थी लेखा शाखाको झ्याल अगाडि लामबद्ध थिए । नयाँ शैक्षिक सत्र भर्खरै शुरू भएकोले विद्यालयले विभिन्न कक्षामा नयाँ विद्यार्थीहरू भर्ना लिइरहेको थियो । एक सयदेखि ६ हजार रुपैयाँसम्म वार्षिक दर्ता शुल्क लिएपछि एउटा पुस्तिकामा उनीहरूको नाम र अन्य विवरण दर्ता गरियो । वैधानिक रूपमा "सामुदायिक" विद्यालय भनेर चिनिएको सुनौलो मावि सरकारी विद्यालय भएकोले नियमतः उसले विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्नुपर्छ; विद्यार्थीसँग कुनै मासिक शुल्क लिन उसले पाउँदैन । तथापि, प्रत्येक विद्यार्थी र अभिभावकले वार्षिक दर्ता शुल्क, त्रैमासिक परीक्षा शुल्क, विद्यालय पोसाक, टाइ, पेटी, परिचय-पत्र, कापी, सिसाकलम जस्ता थुप्रै अतिरिक्त खर्चहरूको भार बेहोर्नुपर्छ । यी वार्षिक शुल्कहरूलाई शिक्षक तथा अभिभावक विद्यालय भर्ना शुल्क भन्छन् । तर औपचारिक रूपमा भने यो शुल्क "विद्यालय सहयोग शुल्क" शीर्षकमा संकलन गरिएको हुन्छ । विद्यालय व्यवस्थापन समितिको बैठक पुस्तिका हेर्दा सन् २०१६/१७ को वार्षिक शुल्कको रूपमा कक्षा १ देखि

कक्षा ५ सम्म रु. एक सय, कक्षा ६ देखि कक्षा १० सम्म रु. १ हजार तथा कक्षा ९ र १० मा सिभिल इन्जिनियरिङ विषय लिने विद्यार्थीका लागि रु. ६ हजार शुल्क लिने निर्णय गरिएको देखिन्छ। विद्यालयको अभिलेख हेर्दा सन् २०१३/१४ मा सुनौलो माविले विद्यार्थी शुल्कबाट २८ लाख ८ हजार ४३० रुपैयाँ आम्दानी गरेको थियो ।

यस्तो अर्थ संकलनको अभ्यास नेपालको शिक्षा-शासनको खैरो "स्पेस" मा सञ्चालन हुन्छ । एकतर्फ, यी "सामुदायिक विद्यालय" ले राज्यबाट आर्थिक सहयोग प्राप्त गर्छन्, अनि अर्कोतर्फ, विद्यालय क्षेत्र विकास योजनामा उल्लेख भए अनुसार, औपचारिक रूपमा ती विद्यालय समुदायले व्यवस्थापन गर्ने भएकाले उनीहरूले "आंशिक रूपमा जिन्सी तथा नगद" सहयोग गर्ने अपेक्षा गरिएको हुन्छ (जीओएन सन् २०१६ : १२३) । औपचारिक-अनौपचारिक बीचको यस्तै "स्पेस" बीच राज्य-सञ्चालित स्कूलहरूमा सरकारी-निजी बीचका भेद मेटिँदै गएका छन् । सुनौलो विद्यालयका प्रधानाध्यापकले आफूहरूले विद्यार्थीसँग मासिक शुल्क नलिने बताए। तर सँगै उनले विद्यालयका विभिन्न खर्चहरू— जस्तै दुई जना निजी स्रोतका शिक्षक, एक माली, एक पाले, कर्मचारी कक्षमा थप फर्निचर, परीक्षा सञ्चालन तथा मसलन्द खर्च, आदि—का लागि सरकारी स्रोतबाट प्राप्त हुने रकमले नपुग्ने पनि बताए। विद्यालयहरूले यस्ता खर्चहरू निजी स्रोतबाट व्यवस्थापन गर्छन्। र, विद्यालयको निजी स्रोत भनेको मूलतः विद्यार्थी/अभिभावकसँग उठाइने वार्षिक सहयोग शुल्क नै हो (हेर्नुहोस्, पराजुली, उप्रेती र गुरुङ सन् २०१९) ।

नेपालका धेरै सरकारी विद्यालय जस्तै सुनौलो माविले पनि मुख्यतः न्यून सामाजिक तथा आर्थिक पृष्ठभूमिका परिवारलाई शैक्षिक सेवा प्रदान गर्छ ।[५] आफूलाई पर्ने अतिरिक्त आर्थिक भारका बावजुद अभिभावकहरू आफ्ना बालबालिकाको भविष्यमा गरिएको लगानीको रूपमा यस्ता शुल्कहरू तिर्न तयार देखिन्थे । अध्ययनका क्रममा कुराकानी गरिएका एक अभिभावकले भने, "हामी आफ्नो छोराको लागि यो सानो त्याग गर्न तयार छौँ । यो पैसाले उसको गुणस्तरीय शिक्षा सुनिश्चित हुन्छ । तपाईं जे रोप्नुहुन्छ, त्यही फल्छ ।" धेरै अभिभावकले आफ्नो जीवनमा भोग्नुपरेका दुःखको चर्चा गर्दछन् । आफ्नो आर्थिक अवस्था कमजोर भए पनि विगतको पीडा र वर्तमानको दुःख आउँदो पुस्ताले

[५] विद्यार्थीहरूसँग उनीहरूको पारिवारिक पृष्ठभूमिबारे एउटा सर्वेक्षण गरिएको थियो । सो सर्वेक्षण अनुसार उनीहरूका बाबुहरू कृषक, सवारी चालक, डकर्मी, पसले, प्लम्बर, इलेक्ट्रिसियन, आदि रहेको पाइयो । त्यसै गरी तिनका आमाहरू कोही कृषक थिए भने कोही गृहिणी अनि कोही कपडा सिलाउने पेशामा आबद्ध थिए। उनीहरूका बुबाआमाहरूमध्ये धेरै जसोले माध्यमिक तहको पढाइ पनि पूरा गरेका थिएनन्। निकै थोरैले मात्र उच्चशिक्षा हासिल गरेका थिए। यो विद्यालयका धेरै जसो विद्यार्थी—खास गरी गैर प्राविधिक संकायका—या त विद्यालय जाने उनीहरू नै पहिलो पुस्ता थिए या उच्च शिक्षा हासिल नगरेका बुबाआमाका सन्तान थिए ।

भोग्न नपरोस्, र भविष्य उज्ज्वल होओस् भनेर उनीहरू प्रयत्नरत देखिन्छन् । विद्यालयमा आफ्ना बच्चाले हासिल गर्ने सफलतालाई नै समाजले उज्ज्वल भविष्यको गोरेटो मानेकाले गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि तिरिने यस्ता अतिरिक्त शुल्क थोरै भए पनि महत्त्वपूर्ण लगानीको रूपमा देखा पर्छन् ।

यस्ता खालका शुल्कले अभिभावकलाई विद्यालयका नियमित गतिविधिमा संलग्न हुन उत्प्रेरित गर्छन् भन्ने विद्यालय व्यवस्थापन समिति ठान्छ । अभिभावकले गर्ने (आर्थिक) योगदानले उनीहरूमा अधिकार, स्वामित्व महसुस गराउने र सामुदायिक सहभागितामा अभिवृद्धि गर्ने विश्वास देखिन्छ । सरकारी विद्यालयहरूले शुल्क नलिने हुँदा समाजमा तिनको "भ्यालू" कम भएको शिक्षकहरूको भनाइ थियो । जुन कुरा निःशुल्क हुन्छ, त्यसको कुनै महत्त्व हुँदैन, उनीहरू भन्छन् । आफूले मुलुकभरका विभिन्न राम्रा विद्यालयहरूको भ्रमण गरेको र ती सबैले शुल्क लिने गरेको सुनौलो माविका एक शिक्षकले बताए । विद्यालयले दिएको शिक्षालाई विद्यार्थीले महत्त्व दिऊन् भन्ने चाहने हो भने विद्यालयले शुल्क बढाउनुपर्छ भन्ने कुरामा शिक्षकहरूमाझ मतैक्य थियो । एक विद्यार्थीले सुनौलो माविको शिक्षाको गुणस्तरमाथि प्रश्न गरेको प्रसंग एक शिक्षकले सुनाए । अरू विद्यालयमा शिशु कक्षाको शुल्क रु. १,१०० छ र सुनौलो माविमा चाहिँ कक्षा ११ को शुल्क रु. १,१०० छ; यस्तो स्थितिमा सुनौलो माविको शिक्षा कसरी गुणस्तरीय होला र भन्ने सो विद्यार्थीको प्रश्न रहेको उनले बताए ।

विद्यालय र तिनका अधिकारीहरू "गुणस्तर" लाई प्रायः उत्तीर्ण विद्यार्थीको संख्या र तिनले परीक्षामा प्राप्त गरेको अंकको आधारमा मापन गर्छन् । माथिका उदाहरणमा उल्लेख भए झैँ अभिभावक र शिक्षक समेतको बुझाइमा शिक्षाका लागि तिरिने मूल्यलाई पनि गुणस्तरसँग गाँसेर हेरिएको देखिन्छ । मूल्य सम्बन्धी आफ्नो अवधारणामा ड्यानियल मिलरले (सन् २००८ : ११२३) कुनै वस्तुको मौद्रिक मूल्य (भाउको रूपमा मूल्य) र पैसामा हिसाव गर्न नसकिने मूल्यवान् वस्तु (अभिन्न वस्तुको रूपमा मूल्य) बीचको अन्तर देखाएका छन् । सामान्यतया यी दुई किसिमका मूल्य—भाउको रूपमा मूल्य र अभिन्न वस्तुको रूपमा मूल्य—ले शिक्षाको आर्थिक मूल्य र प्रतीकात्मक मूल्य बीचको सम्बन्ध बुझ्न सजिलो हुन्छ । पहिलोले चाहिँ परिवार, संस्था र राज्यको लगानी एवं त्यस लगानी बापत राम्रो जागिर एवं उत्पादकत्वमा वृद्धि जस्ता आर्थिक प्रतिफलको अपेक्षालाई जनाउँछ भने दोस्रोले चाहिँ शिक्षाका कारण प्राप्त हुने ज्ञान, सामाजिक प्रतिष्ठा र नैतिकता जस्ता अदृश्य तर उच्च मूल्यवान् पक्षहरूलाई इंगित गर्छ । यी गुणहरू कम या बढी स्थायी हुन्छन् र मिलरको शब्दमा ती अभिन्न (इनएलियनेबल) छन् । तसर्थ, शिक्षाको मूल्य परीक्षामा राम्रो अंकको अपेक्षाको रूपमा मात्र नभई शिक्षित व्यक्तिसँग सम्बन्धित बृहत् गुणहरूको रूपमा गुणस्तरको सूचक बन्न पुग्छ (तुलना गर्नुहोस्, लेभिन्सन र हल्याण्ड सन् १९९६) ।

## "निःशुल्क" पाठ्यपुस्तक र निजी शिक्षाको सूचक

आफूले प्रदान गर्ने शिक्षा "गुणस्तरीय" भएको जनाउ दिन सुनौलो माविले निजी विद्यालयमा पढाइने पाठ्यपुस्तक नै पढाउन शुरू गऱ्यो । अर्थात् सरकारले प्रकाशन गर्ने पाठ्यपुस्तकको सट्टा सरकारद्वारा स्वीकृत तर निजी प्रकाशकका पाठ्यपुस्तक सुनौलो माविमा पढाइन थालिए । यसले गर्दा विद्यार्थी र तिनका अभिभावकमाथि प्रत्यक्ष आर्थिक भार थपियो । सुनौलो माविमा कक्षा ८ मा पढ्ने एक विद्यार्थीले पाठ्यपुस्तकमा कुल १,६४५ रूपैयाँ खर्च गरेको पाइयो । यसमा नेपाली पुस्तकको रु. ६०, नैतिक शिक्षाको रु. ४०, अंग्रेजीको रु. ६०, गणितको रु. ४०५, विज्ञानको रु. ४२५, सामाजिक शिक्षाको रु. ३५०, र कम्प्युटर विज्ञानको रु. ३०५ परेको थियो । यीमध्ये अघिल्ला तीन पुस्तक सरकारी निकायबाट प्रकाशित हुन्, र त्यसैले ती सस्ता छन् । निजी प्रकाशन गृहले छापेका बाँकी पुस्तक चाहिँ सरकारीको तुलनामा निकै महँगा छन् । विद्यालयले निश्चित पुस्तक पसल छान्ने र विद्यार्थी/अभिभावकले सोही पसलबाट पाठ्यपुस्तक किन्नुपर्ने प्रावधान नेपालका अधिकांश विद्यालयमा देखिने अभ्यास हो । एकै ठाउँमा सबै पाठ्यपुस्तक पाइँदा विद्यार्थी एवं अभिभावकले पनि सजिलो मान्छन् । त्यसै गरी, पुस्तक उपलब्ध गराउने तथा बिक्री गर्ने झञ्झट विद्यालयले गरिरहनु पर्दैन । पाठ्यपुस्तक बाहेक नयाँ विद्यार्थीले विद्यालय डायरीको रु. १००, विद्यालयको भित्ते पात्रोको रु. ५०, टाइको रु. १५०, र पेटीको रु. १५० तिर्छन् । विद्यार्थीको शैक्षिक प्रगतिको मूल्यांकन गर्न विद्यालयले तीन ओटा आन्तरिक परीक्षा लिन्छ र ती प्रत्येकको परीक्षा शुल्क ५० रुपैयाँ छ ।

निःशुल्क शिक्षाको प्रावधान अनुसार कक्षा १० सम्मका विद्यार्थीलाई विद्यालयले निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउनुपर्छ । सैद्धान्तिक रूपमा ती पाठ्यपुस्तक विद्यालयले सीधै विद्यार्थीलाई वितरण गर्नुपर्छ । तर यो प्रक्रियामा विद्यालयहरूले थुप्रै समस्या झेल्नु परेको देखिन्छ । देशैभरि, खास गरी दुर्गम क्षेत्रमा, पाठ्यपुस्तक वितरण गर्न व्यावहारिक कठिनाइ छ । उदाहरणका लागि, एक अध्ययन अनुसार सन् २००९ मा शैक्षिक सत्र शुरू भएको दोस्रो हप्तासम्म पनि ३९ प्रतिशत विद्यार्थीले निःशुल्क पाठ्यपुस्तक प्राप्त गरेका थिएनन् (लोहनी, सिंह र लोहनी सन् २०१० : ३६५) । समयमै पाठ्यपुस्तक आइपुग्यो भने पनि पाठ्यपुस्तकको संख्या कुल विद्यार्थी संख्यासँग मेल खाँदैन । सरकारले विद्यालयलाई सबै विद्यार्थीहरूको लागि पाठ्यपुस्तक किन्न एकमुस्ट रकम दिन्छ । केही अध्ययनले कक्षा १ का ५१ प्रतिशत विद्यार्थीले मात्र शैक्षिक सत्रको दोस्रो हप्तामा पाठ्यपुस्तक प्राप्त गरेका र बाँकी विद्यार्थीमध्ये पछि कतिले कहिले पाठ्यपुस्तक प्राप्त गरे भन्नेबारे कुनै जानकारी नभएको औँल्याएका छन् (लोहनी, सिंह र लोहनी सन् २०१०) । पछिल्लो समय स्थानीय गाउँ/नगरपालिकाले पाठ्यपुस्तकको रकम विद्यालयको खातामा जम्मा गरिदिन थालेको

छ। सुनौलो माविले २०७० सालमा पाठ्यपुस्तकका लागि ३ लाख ३१ हजार ८५१ रुपैयाँ र २०७१ सालमा ३ लाख १९ हजार ६८ रुपैयाँ प्राप्त गरेको देखिन्छ ।

दोस्रो कुरा, विद्यालयहरू स्वयं पनि सरकारी पाठ्यक्रम अनुरूप निजी प्रकाशकले छापेका पुस्तक नै प्रयोग गर्न चाहन्छन् । किनभने यसो गर्दा समयमै आफ्ना विद्यार्थीले पाठ्यपुस्तक पाउँछन् । “गुणस्तरीय शिक्षा” दिने नाउँमा अंग्रेजी माध्यममा पढाइने विद्यालयहरूमा यस्तो अभ्यास बढ्दो क्रममा छ । सरकारी निकायले प्रकाशन गर्ने पुस्तक भन्दा अन्तर्राष्ट्रिय प्रकाशक र नेपालका निजी प्रकाशकले छाप्ने पुस्तक महँगा हुन्छन् । त्यसैले स्थानीय सरकारले विद्यालयले पुस्तक किन्न विद्यालयलाई दिने अनुदान रकमभन्दा पाठ्यपुस्तकको मूल्य बढी पर्न जान्छ । यस्तो स्थितिमा विद्यार्थीहरूले तोकिएको पुस्तक पसलबाट पाठ्यपुस्तक किन्छन् र त्यसको रसिद विद्यालयमा बुझाउँछन् । विद्यार्थीले पाठ्यपुस्तकमा जति नै रकम खर्चे पनि विद्यालयले प्रति विद्यार्थी दुई सयदेखि नौ सय रुपैयाँसम्म (तह अनुसार) फिर्ता दिन्छ ।

थप खर्च गर्न परे पनि विद्यालयले प्रयोगमा ल्याएको पाठ्यपुस्तकप्रति सुनौलो माविका विद्यार्थी र अभिभावकहरू सन्तुष्ट थिए । “यो स्कूलले नजिकैको बोर्डिङ स्कूलको जस्तै पाठ्यपुस्तक प्रयोगमा ल्याएको छ,” एक जना अभिभावकले भने । उनले थपे, “गुणस्तरमा यो स्कूल बोर्डिङ स्कूलभन्दा कत्ति पनि फरक छैन । मेरो बच्चा सही ठाउँमा छ भनेर म ढुक्क छु ।”[६] सरकारी विद्यालयले प्रयोगमा ल्याएका पाठ्यपुस्तकमध्ये केही अन्तर्राष्ट्रिय प्रकाशकले छापेका हुन्, र निजी विद्यालयमा पनि ती पढाइन्छन् । यी पाठ्यपुस्तकको प्रयोग मार्फत सरकारी विद्यालयले आफू प्रतिको धारणा परिवर्तन गर्न खोजेका छन् र यसले निजी र सरकारी बीचको भेद क्रमशः धुमिल हुँदै गएको देखाउँछ । “निजी विद्यालयहरू जस्तै” बन्नका लागि “सामुदायिक विद्यालयहरू” ले पनि पढाइको भाषा अंग्रेजी बनाउने, निजी विद्यालयमा पढाइने पाठ्यपुस्तक प्रयोगमा ल्याउने र पेटी तथा टाइ सहितको विद्यालय पोसाक बलजफ्ती प्रयोगमा ल्याउने जस्ता रणनीतिहरू अपनाउँदै आएको भट्ट (सन् २०१४) ले उल्लेख गरेका छन् । मुख्यतः राष्ट्रिय स्तरका परीक्षामा “राम्रो” नतिजा ल्याएका कारण निजी शिक्षाप्रति मानिसहरूको आकर्षण बढ्दो छ । कक्षा ८ का विद्यार्थीको नतिजालाई आधार बनाएर विद्यार्थीको उपलब्धिबारे सन् २०१३ मा गरिएको राष्ट्रिय स्तरको मूल्यांकन (एनएएसए) सम्बन्धी एक अध्ययन अनुसार “संस्थागत विद्यालयका विद्यार्थीहरूको औसत उपलब्धि अंक सामुदायिक विद्यालयको भन्दा उच्च छ” (जीएफए सन् २०१६ : ८३) ।

[६] विद्यालयको नाममा जोडिएको “बोर्डिङ” शब्द स्थानीय तवरमा उक्त विद्यालय निजी रूपमा सञ्चालनमा रहेको तथा अंग्रेजी माध्यममा शिक्षण गर्ने भन्ने अर्थमा प्रयोग गरिन्छ । त्यसले आवास सुविधा प्रदान गर्नैपर्छ भन्ने छैन ।

यो अध्ययनले समयमा पाठ्यपुस्तकको उपलब्धता र विद्यार्थीको उपलब्धिबीच बलियो सम्बन्ध रहेको देखाएको थियो (जीएफए सन् २०१६ : ८३)।

अघिल्लो उदाहरणले विद्यालय शिक्षामा खर्च गरिएको पैसा र शिक्षाको गुणस्तर बीचको सहसम्बन्ध बारेको आमबुझाइलाई दर्शाउँछ भने पछिल्लोले चाहिँ गुणस्तरको प्रतीकका रूपमा पाठ्यपुस्तक जस्ता भौतिक वस्तुको भूमिकातर्फ हाम्रो ध्यानाकर्षण गर्छ। एकतर्फ निजी तवरबाट प्रकाशित पाठ्यपुस्तकले विभिन्न क्षेत्रमा समयमै पाठ्यपुस्तकको वितरण नहुने जस्ता व्यावहारिक समस्या समाधान गर्न मद्दत गर्छ। अर्कोतर्फ, यस्ता पाठ्यपुस्तक निजी तथा अंग्रेजी माध्यमका विद्यालयले पनि प्रयोग गरेका कारण तिनले गुणस्तर तथा प्रतिष्ठाको परिचायकको काम पनि गर्छन्। कारोबार प्रणालीबारे चर्चा गर्ने क्रममा पेरी र ब्लच (सन् १९८९ : २४) ले दीर्घकालीन एवं अल्पकालीन कारोबारका क्रमहरू क्रमशः व्यक्तिगत उपयोग तथा प्रतिस्पर्धाको पुनर्उत्पादनसँग सम्बन्धित रहेको भनी औँल्याएका छन्। दीर्घकालीन कारोबारको क्रम सकारात्मक रूपमा नैतिकतासँग जोडिएको छ भने अल्पकालीन उपलब्धि नैतिकताको हिसाबले अनिर्णित छन्। अल्पकालीन चक्रबाट प्रयोग गरिएका वस्तुहरू दीर्घकालीन कारोबारको क्रममा परिवर्तन हुँदा तिनको चरित्रमा परिवर्तन हुन्छ, र यी दुई क्रमबीच अन्तरसम्बन्ध स्थापना हुन्छ (पेरी र ब्लच सन् १९८९ : २५–२६)। यो दृष्टिकोणबाट हेर्दा विद्यालयको शिक्षा वा अंग्रेजी माध्यमका पाठ्यपुस्तक जस्ता यसका तत्त्व वा हामीले तल व्याख्या गरे जस्तो "अतिरिक्त कक्षा" लाई हामी राम्रो अंक ल्याउने, अन्तर्राष्ट्रिय "ब्राण्ड" को पहिचान दिने या स्वामित्व बढाउने जस्ता अल्पकालीन नाफाको लागि खरिद गरिएको वस्तुसँग दाँज्न सक्छौँ। दीर्घकालीन दृष्टिकोणबाट हेर्दा भने तिनीहरूमा एक शिक्षित व्यक्तिमा हुनुपर्ने मुख्य गुणहरूसँग सम्बन्धित एक पृथक् स्तरको मूल्यहरूमा परिणत हुन सक्ने सम्भावना निहित हुन्छ (तुलना गर्नुहोस्, लेभिन्सन र हल्याण्ड सन् १९९६)। यस्ता गुणहरू नै सामाजिक संरचनाको पुनर्उत्पादनको लागि निकै महत्त्वपूर्ण मानिन्छ।

## ट्यूशन : नतिजाका लागि शुल्क

सुनौलो माविले बिहान र साँझ ट्यूशन कक्षाहरू सञ्चालन गर्छ। स्कूलकै कक्षा-कोठामा १५–२० जनाको समूह बनाएर यस्ता ट्यूशन सञ्चालन गरिन्छन्, र सो बापत विद्यार्थीहरूले मासिक चार-पाँच सय रुपैयाँ तिर्छन्। नबुझेको बुझ्ने, पाठहरू दोहोऱ्याउने र अतिरिक्त पाठ पढ्ने जस्ता विभिन्न पक्षमा यस्ता ट्यूशन कक्षालाई उपयोग गरिन्छ। माध्यमिक तह (कक्षा ८, ९ र १०) का विद्यार्थीलाई ट्यूशनमा प्राथमिकतामा राखिन्छ र मुख्य गरी गणित, विज्ञान र अंग्रेजी विषयका अतिरिक्त कक्षा सञ्चालन गरिन्छन्। विद्यार्थीबाट लिइने ट्यूशन-शुल्क सम्बन्धित शिक्षकलाई नै दिइन्छ। उही शिक्षकले उनै विद्यार्थीलाई उही कक्षाकोठामा

ट्यूशन पढाउने हुँदा ती विद्यालयका नियमित कक्षा जस्तै हुन्छन् । तथापि, अभिभावक र विद्यार्थी दुवै थरीले यस्तो ट्यूशन कक्षाले पढाइमा ठूलो भरथेग गरेको ठान्छन् ।

निजी ट्यूशन कक्षाले विद्यार्थीको शैक्षिक उपलब्धिमा सघाउने मात्र नभई भविष्यका अवसरमा समेत दूरगामी सकारात्मक प्रभाव पार्ने ठानिन्छ (ब्रे सन् १९९६) । यस्ता ट्यूशन कक्षामा सिक्ने अतिरिक्त सीप र तौरतरिकाले अत्यन्त प्रतिस्पर्धात्मक मानिने प्रवेशिका परीक्षामा विद्यार्थीलाई सफलता दिलाउँछ । मासिक पाँच सय रुपैयाँ अतिरिक्त व्ययभार बढे पनि धेरै अभिभावक आफ्ना बालबालिकालाई यस्ता ट्यूशन कक्षाहरूमा पठाउँछन् । एक अभिभावकको धारणा थियो, "मेरो बच्चा ट्यूशन गयो भने मलाई उसले अझ बढी मेहनत गरेर अझ राम्रो पढ्दैछ जस्तो लाग्छ ।" विद्यार्थी र अभिभावक दुवैका लागि ट्यूशनले केही महत्त्वपूर्ण भूमिका खेल्छ । पहिलो त, आफ्ना बच्चा विद्यालयमै छन् र उनीहरू अध्ययनमै व्यस्त छन् भनेर अभिभावकहरू ढुक्क हुन्छन् । दोस्रो, परीक्षाको ढाँचा, विगतमा परीक्षामा सोधिएका प्रश्नहरू र तिनको उत्तर कसरी लेख्ने भन्नेमा प्रायः अतिरिक्त कक्षा (ट्यूशन) केन्द्रित हुन्छन् । त्यसैले, अतिरिक्त कक्षाले परीक्षामा राम्रो अंक ल्याउन मद्दत गर्छ भन्ने कुरामा विद्यार्थी र अभिभावकहरू विश्वस्त देखिन्थे ।

परीक्षा केन्द्रित पढाइ र ट्यूशनले परीक्षामा "राम्रो गर्ने" सम्भावना बढाउँछ भन्नेमा अभिभावक, शिक्षक र विद्यार्थी सबै विश्वस्त देखिएको सन्दर्भमा "अतिरिक्त कक्षा" अहिलेको एक वास्तविकता हो । विहान नियमित रूपमा ट्यूशन पढाउने एक शिक्षकले भने, "हेर्नुहोस्, वास्तवमा विद्यार्थीहरू पढाइमा कमजोर छन् । उनीहरूलाई अतिरिक्त कक्षाको खाँचो हुन्छ र उनीहरूले यसको माग पनि गर्छन् । हुन त म स्नातक र स्नातकोत्तर तहका विद्यार्थीलाई पनि ट्यूशन पढाउँछु, जहाँबाट म बढी कमाउँछु । तैपनि परीक्षामा नतिजा राम्रो आओस् भनेर म मेरो दुई घण्टा आफ्ना विद्यालयका विद्यार्थीहरूलाई दिन्छु ।" ट्यूशन कक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याएको र फलतः त्यसले विद्यालयको विश्वसनियता बढाउन सघाएको विद्यालय व्यवस्थाकहरूको पनि दाबी छ । विद्यार्थीसँग पैसा लिने तथा विद्यालयको नियमित कक्षाहरू बेवास्ता गर्नेजस्ता अभ्यासप्रति ट्यूशन नपढाउने केही शिक्षकले असन्तुष्टि व्यक्त गरे पनि समग्रमा यस्ता ट्यूशन कक्षालाई राम्रो र सकारात्मक रूपमा लिइएको देखियो । ट्यूशन कक्षा सञ्चालन गरेका कारण विद्यार्थीले परीक्षामा राम्रो गरेको कुरा शिक्षकहरूले बताएका थिए । त्यसै गरी, विद्यार्थीले थप पैसा तिरेर ट्यूशन पढेकाले उनीहरूले परीक्षामा राम्रो गर्ने गरेको पनि उनीहरू बताउँथे । तीमध्ये एक जना शिक्षकले भने, "यदि केही कुरा निःशुल्क छ भने मानिसहरू त्यसलाई खासै महत्त्व दिँदैनन् । ट्यूशन कक्षामा म ढिलो पुगेँ भने विद्यार्थीले प्रश्न गर्छन् । नियमित कक्षामा भने तिनै विद्यार्थी ढिलो आउँछन् ।" यस्ता ट्यूशन कक्षाहरूको व्यवस्था सरकार वा अन्य कुनै स्थानीय सरकारी निकायले नगरेको भए पनि गुणस्तरीय शिक्षा प्राप्तिको लागि तिनीहरूलाई

भरपर्दो उपाय मानिएको छ । तसर्थ, यस्ता ट्यूशन कक्षा सरकारी शिक्षा प्रणालीको नियमित शैक्षिक अभ्यासको एउटा महत्त्वपूर्ण अवयवको रूपमा उदाएका छन् । ट्यूशन कक्षाको नाउँमा "गुणस्तर" समयको रूपमा बेचिन्छ र किनिन्छ, र यो समय सरकारी विद्यालयमा दिइने समयभन्दा बढी मूल्यवान् मानिन्छ ।

सरकारी विद्यालयले ट्यूशन कक्षाको नाममा निजी शैक्षिक गतिविधिहरू सञ्चालनका लागि विद्यालयको भौतिक सुविधा तथा शिक्षकको समय जस्ता विद्यालयकै संसाधनको प्रयोग गर्न दिनुले एउटा विरोधाभाषपूर्ण परिस्थिति सिर्जना भएको देखाउँछ । तर, सँगसँगै यस्ता गतिविधिले राम्ररी चलिरहेको सार्वजनिक संस्थाको रूपमा विद्यालयको छवि उजिल्याउने हुनाले त्यो विद्यालयको हितमै छ भन्न पनि सकिन्छ । बृहत् सरकारी शिक्षा प्रणालीको भविष्यका लागि एक सम्भाव्य जोखिमको रूपमा रहेका यस्ता निजी पूरक ट्यूशन कक्षा या "छायाँ शिक्षा" ले बृहत्तर विडम्बनापूर्ण अवस्थालाई उजागर गर्छ । यसले एकतिर सिकाइ उपलब्धिमा प्रगति गरी त्यसलाई सामाजिक एवं आर्थिक विकासमा परिणत त गर्ला तर अर्कोतिर यसले हुने र नहुने बीचको खाडललाई अझै बढाएर समाजमा विद्यमान असमानतालाई थप मजबुत तुल्याउँछ (झाङ र ब्रे सन् २०१७ : ६५) ।

## अनुसरण र मूल्यको प्रश्न

सरकारी विद्यालयहरूले आफ्नो वैधताको मुख्य हिस्सा निजी क्षेत्रका शैक्षिक अभ्यासहरूलाई अनुसरण गरेर आर्जन गरिरहेका छन् भन्ने कुरा माथिका उदाहरणबाट प्रस्ट हुन्छ । चाहे त्यो अतिरिक्त शुल्क, पुस्तक, या निजी ट्यूशन कक्षाको रूपमा नै किन नहोस्, चरम आर्थिक अभाव खेपिरहेको राज्य-सञ्चालित शिक्षा प्रणालीलाई टिकाइ राख्नको निमित्त निजी लगानी एक टड्कारो आवश्यकता बन्दै गइरहेको छ । प्रत्यक्ष वा परोक्ष रूपमा विद्यार्थीबाट "योगदान" खोजिनुको पछाडि निश्चय नै आर्थिक कारणहरू छन्, तर यस्ता अभ्यास अझ राम्रो शिक्षा सेवा प्राप्तिका लागि आवश्यक रहेको विश्वास पनि सँगै छ । जति शुल्क उच्च भयो अभिभावकले विद्यालयबाट त्यति नै बढी गुणस्तरको अपेक्षा गर्छन्, र विद्यालयले पनि अभिभावकको उच्च संलग्नताको अपेक्षा राख्छ । त्यसै गरी, कमजोर भौतिक पूर्वाधार भएको नेपाल जस्तो देशमा सरकारी पाठ्यपुस्तकहरू समयमै वितरण गर्न नसक्ने व्यावहारिक कारणले पनि तुलनात्मक रूपमा महँगा निजी प्रकाशकका पाठ्यपुस्तकले ठाउँ पाएका छन् । तर, माथिको उदाहरणले देखाए जस्तै निजी "आवासीय" विद्यालय सँग सम्बद्ध पाठ्यपुस्तकको प्रतीकात्मक मूल्य छ, र त्यसैले अभिभावक एवं विद्यार्थीको आँखामा ती पुस्तकको महत्ता निर्माण गर्दछ । त्यसै गरी, ट्यूशन कक्षाले विद्यार्थीको सिकाइ र तोकिएको पाठ्यक्रम समयमै सक्नका लागि अत्यावश्यक नियमित समय र शिक्षकहरूको सुपरिवेक्षण सुनिश्चित गराउँछ । साथसाथै, राम्रो नतिजा प्राप्त गर्न अलि बढी प्रभावकारी

मानिएका शैक्षिक अभ्यासहरूमा गरिएको आर्थिक लगानीको नैतिक मूल्यांकनले यस्तो अभ्यासलाई सुचारु गरेको हुन्छ ।

शिक्षालाई सार्वजनिक हितको वस्तुको रूपमा स्वीकार गरी विद्यालय शिक्षामा निरन्तर सरकारी लगानी भए पनि शिक्षाको बढ्दो व्यापारीकरण एवं वस्तुकरणका कारण पैसाले उपभोग्य वस्तुको (यहाँ औपचारिक शिक्षा) मूल्य वृद्धि गर्ने काम गर्छ भन्ने कुरा इंगित गर्छ । शिक्षा सम्बन्धी यी बजारमा आधारित तर्कहरू एकतर्फ आफ्ना नागरिकलाई कल्याणकारी सेवा पुऱ्याउन राज्य असफल छ भन्ने अवधारणामा घुसेका छन् । अनि अर्कोतर्फ, यसले विनिमयको नैतिकता तथा विभिन्न वस्तुको सामाजिक मूल्य निर्धारण हुने तरिकालाई माउरर (सन् २००६ : २५) को शब्दमा "अर्थको कथा" (फिक्सन अफ फाइनान्स) ले कसरी प्रभाव पार्दछ भन्ने पनि देखाउँछ । पेरी र ब्लच (सन् १९८९) को तर्क अनुसार पैसाको विशिष्टीकरणले नभएर विनिमयको सामाजिक प्रणालीले कुनै पनि वस्तुको मूल्य निर्धारण गर्छ । सरकारी र निजी विद्यालयहरूमा विभाजित नेपालको द्वैध शैक्षिक प्रणालीले पैसाको सामाजिक मूल्यलाई देखाउँछ, जहाँ शुल्क तिर्नुपर्ने निजी विद्यालयहरू निःशुल्क सरकारी विद्यालयहरूभन्दा राम्रा मानिन्छन् । यो लेखका अघिल्ला खण्डमा छलफल गरिए जस्तै पैसाको सामाजिक मूल्य र विभिन्न शैक्षिक अभ्यासहरूको प्रतीकात्मक मूल्यमा यसको प्रभाव बीचको नजिकको सम्बन्धले गर्दा सरकारी विद्यालयले निजी विद्यालयहरूको अभ्यास अनुसरण गर्ने प्रवृत्ति मौलाएको छ । फलतः निजी र सरकारी विद्यालय बीचका भेदहरू पातलिँदै गएका छन् ।

सरकारी स्कूलको व्यावहारिक आवश्यकताका लागि, विद्यार्थीहरूको अभिप्रेरणाका लागि र अभिभावकको विद्यालय प्रतिको उत्तरदायित्वका कारण निजी विद्यालयका अभ्यासलाई पछयाउनु सरकारी विद्यालयलाई जरुरी छ भनिए पनि यो अनुकरण सरकारी विद्यालयका लागि सामाजिक वैधता आर्जन गर्ने बाटो पनि हो । वैधता निर्माण गर्ने यस्तो प्रक्रियाले वास्तवमा नेपालमा चलिरहेको दुई खाले शैक्षिक प्रणाली अन्तर्गतका आर्थिक विनिमय र विभिन्न शैक्षिक अभ्याससँग सम्बद्ध मूल्यहरूप्रति ध्यानाकृष्ट गर्छन् । शैक्षिक अभ्यासहरूमा गरिने निरन्तर लगानीबाट नै आफ्ना बालबालिकाले ज्ञान, सामाजिक प्रतिष्ठा र आधुनिकता जस्ता विद्यालय शिक्षाबाट प्राप्त गर्ने अपेक्षा गरिएका उच्चतम प्रतिफल प्राप्त गर्छन् भन्ने सोच अभिभावकको हुन्छ । यसले शिक्षाको प्रतीकात्मक मूल्यको उत्पादन र वितरणमा हुने जटिलतालाई पनि उजागर गर्छ । यसरी निजी कोष र बजारको तर्कमा शिक्षा निर्भर रहेको परिप्रेक्ष्यमा सार्वजनिक वस्तुको रूपमा शिक्षाको परिधि र अन्तर्वस्तुमाथि प्रश्न उब्जन्छ ।

सार्वजनिक शिक्षाको बढ्दो व्यापारीकरण दक्षिण एशिया लगायत विश्वभर नै देखिएको प्रवृत्ति हो । "स्वामित्व," "साझेदारी" र "समुदाय" (कर्नवाल सन् २००७) का महाकथ्यहरूमा

प्रायः बेरिएर आउने यी तटस्थ जस्ता अवधारणाहरूले भिन्न सामाजिक कर्ताहरू बीचको असमान शक्ति-सम्बन्धलाई ओझेलमा पार्छन्; दायित्व जति व्यक्तिमा थोपर्दिन्छन्; र सार्वजनिक शिक्षामा निरन्तर घटिरहेको आर्थिक लगानी उपर प्रश्न गर्दैनन् (श्रीवास्तव र सु-एन सन् २०१०) । तसर्थ, यो अध्ययनले शिक्षा सेवा प्रदान गर्ने जिम्मेवारी स्थानीय तहमा स्थानान्तरण गर्ने तथा सामुदायिक स्वामित्वको अवधारणालाई प्रोत्साहित गर्ने राज्यको नीतिले पार्ने दैनन्दिन प्रभावबारे प्रश्न उठाउनु पर्ने आवश्यकता समेत औँल्याउँछ ।

## निष्कर्ष

संसारभरि शिक्षालाई महत्त्वपूर्ण सार्वजनिक हितको वस्तुको रूपमा स्वीकार गरिएको छ । विश्वका धेरै देश जस्तै नेपालले पनि कक्षा १० सम्म आफ्ना नागरिकलाई निःशुल्क शिक्षाको व्यवस्था गर्ने प्रतिबद्धता जनाएको छ । तथापि, यो लेखले देखाए अनुसार, बढ्दो व्यापारीकृत शैक्षिक प्रणाली एवं राज्य-सञ्चालित शिक्षामा खस्कँदो विश्वासबीच आर्थिक रूपमा टिक्न र सार्वजनिक वैधता प्राप्त गर्न सरकारी विद्यालयहरू बाह्य र निजी आर्थिक स्रोतमा निर्भर छन् । शिक्षा मार्फत नै आम मानिसले आफ्नो सामाजिक हैसियत तथा वर्गीय प्रतिष्ठा दाबी गर्न सक्ने हुँदा नेपालमा निजी शिक्षाको बजार लामो समयदेखि मौलाइरहेको छ (लिक्टी सन् २००३) । त्यसै गरी, सरकारी विद्यालयमा हुने निजी लगानी पनि नेपालमा कुनै नौलो कुरा होइन । ऐतिहासिक रूपमै व्यक्ति तथा स्थानीय समुदायहरूले विद्यालयलाई आंशिक रूपमा पारस्परिक सम्बन्ध बढाएर र साझा स्वामित्व (प्रधान, श्रेष्ठ र भ्यालेन्टिन सन् २०१९) स्थापित गरेर तथा आंशिक रूपमा विद्यालयले उठाउने चन्दा (भ्यालेन्टिन सन् २००५) मार्फत सहयोग गरेको देखिन्छ । तथापि, नेपाल शिक्षा ऐन, सन् १९७१ को सन् २०११ मा गरिएको सातौँ संशोधन बमोजिम राज्य-आश्रित विद्यालयलाई स्थानीय समुदायलाई हस्तान्तरण गरिएसँगै सामुदायिक स्वामित्वको अवधारणामा वैचारिक परिवर्तन आएको हुँदा "सामुदायिक विद्यालय" को नाममा सरकारी विद्यालयको सहयोगार्थ अतिरिक्त आर्थिक सहायता जुटाउनका लागि नयाँ संस्थागत धरातल सिर्जना भएको छ । यो र निजी विद्यालयसँग बढ्दो तुलनाले गर्दा सरकारी विद्यालयहरूलाई निजी आर्थिक योगदानको आवश्यकता पुष्टि गर्न सहज भएको छ । र, वास्तवमा हामी पनि "निजी जस्तै" गुणस्तरीय छौँ भन्ने संकेत दिन सकेकैले सरकारी विद्यालयहरू समुदायबाट पूरक आर्थिक सहायता प्राप्त गर्न सक्षम हुन्छन् । शिक्षाको आर्थिक र प्रतीकात्मक मूल्य बीचको सम्बन्धबारे गरिएको यो एथ्नोग्राफिक अध्ययनले "गुणस्तर" भन्ने अवधारणा नै कसरी वस्तुकरण भैसकेको छ भन्ने देखाउँछ ।

सर्वत्र नवउदारवादी शक्तिहरू प्रवल रहेको अहिलेको अवस्थामा "निःशुल्क" शिक्षाको वास्तविक मूल्य तथा नेपालका सरकारी विद्यालयमा हुने स्थानीय स्तरको शैक्षिक आर्थिक

सहायतामा केन्द्रित यो लेखले सार्वजनिक शिक्षा प्रणाली व्यापारीकरण सम्बन्धी प्राज्ञिक बहसमा एउटा इँटा थप्छ । साथै, मुख्यतः शिक्षामा निजी-सरकारी पक्षहरू सह-अस्तित्वमा रहन्छन्, प्रतिस्पर्धा गर्छन् र एक अर्कामा निर्भर छन् भन्नेतर्फ पनि यसले जोड दिन्छ । यस्तो जटिल अन्तर्क्रियाले नेपालको शिक्षा प्रणालीमा विद्यमान निजी-सरकारी बीचको भेद धुमिल बन्दै गएको देखाउँछ । साथै, सरकारी र निजी विद्यालयबीच रहेका पृथक् शैक्षिक अभ्यासहरूमा निहित आर्थिक र प्रतीकात्मक मूल्यहरू बीचको अन्तरसम्बन्धलाई समेत यो लेखले उजागर गर्छ । वैधता निर्माण गर्न अपनाइने यस्ता प्रक्रियाहरू—जसले बजार शैलीका नमुनाहरूमा जोड दिन्छन् र शिक्षालाई सार्वजनिक हितको वस्तुको रूपमा लिने मान्यताहरूलाई किनारा लगाउँछन्—ले शिक्षाको व्यापारीकरणमा आएका नयाँ अवतारहरूलाई प्रस्ट्याउँछन् ।

## धन्यवाद

यो लेख पहिले *स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाइटी* (सिन्हास) जर्नलमा छापिएको हो (प्रधान र भ्यालेन्टिन सन् २०२०) । अनुवादक बलबहादुर थापा, परिमार्जन तथा सम्पादनमा सहयोग गर्ने देवेन्द्र उप्रेती, देवराज हुमागाईं तथा लोकरञ्जन पराजुलीप्रति आभारी छौँ । यस अनुसन्धानका क्रममा विद्यालयको गतिविधि अवलोकन गर्न अनुमति दिँदै विभिन्न किसिमका सहयोगका लागि हामी सुनौलो माविका व्यवस्थापक, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूप्रति ऋणी छौँ । उहाँहरूको सहयोग एवं थुप्रै गहन छलफलबिना यो अनुसन्धान सम्भव हुने थिएन । मार्टिन चौतारीको वार्षिक सम्मेलन सन् २०१९ का सहभागीहरूले यो कार्यपत्रमाथि दिएका रचनात्मक सुझाव लेख परिमार्जनमा सहयोगी बन्न पुग्यो, यसका लागि उहाँहरूप्रति आभारी छौँ । *सिन्हास* जर्नल, जहाँ यो लेखको अंग्रेजी स्वरूप छापियो, का तीन अज्ञात समीक्षकहरूप्रति उहाँहरूले गर्नुभएको टिप्पणीका लागि धन्यवाद दिन्छौँ । यो अनुसन्धान डेनमार्कको परराष्ट्र मन्त्रालयको आर्थिक सहयोगमा डानिडा फेलोशिप सेन्टरद्वारा कार्यान्वयन गरिएको तथा मार्टिन चौतारी, काठमाडौँ विश्वविद्यालय र आर्हुस विश्वविद्यालयको सहकार्यमा सञ्चालित "लोकेटिङ पब्लिक फाइनान्स डाइनामिक्स इन एजुकेशन इन नेपाल" परियोजना अन्तर्गत सम्पन्न गरिएको हो ।

## सन्दर्भ सामग्री

पराजुली, लोकरञ्जन, देवेन्द्र उप्रेती र रूख गुरुङ । सन् २०१९ । *नेपालका सामुदायिक विद्यालय : विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण* । काठमाडौँ : मार्टिन चौतारी ।

Anders, Gerhard and Monique Nuijten. 2007. Corruption and the Secret of Law: An Introduction. In *Corruption and the Secret of Law: A*

*Legal Anthropological Perspective*. Monique Nuijten and Gerhard Anders, eds., pp. 1–26. Farnham: Ashgate.

Bhatta, Pramod. 2011. Aid Agency Influence in National Education Policymaking: A Case from Nepal's 'Education for All' Movement. *Globalisation, Societies and Education* 9(1): 11–26.

Bhatta, Pramod. 2014. Public Desire for Private Schooling in Nepal. In *Education, Privatisation and Social Justice: Case Studies from Africa, South Asia and South East Asia*. Ian MacPherson, Susan Robertson and Geoffrey Walford, eds., pp. 67–88. Didcot: Symposium Books.

Bhatta, Pramod and Shak B. Budhathoki. 2013. *Understanding Private Educationscape(s) in Nepal*. PERI Working Paper No. 57. London: The Privatisation in Education Research Initiative (PERI).

Bray, Mark. 1996. *Counting the Full Cost: Parental and Community Financing of Education in East Asia.* Washington, D.C.: The World Bank (in collaboration with UNICEF).

Bray, Mark and Ora Kwo. 2013. Behind the Façade of Fee-Free Education: Shadow Education and Its Implications for Social Justice. *Oxford Review of Education* 39(4): 480–497.

Caddell, Martha. 2007. Private Schools and Political Conflict in Nepal. In *Private Schooling in Less Economically Developed Countries: Asian and African Perspectives*. Prachi Srivastava and Geoffrey Walford, eds., pp. 187–207. Didcot: Symposium Books.

Carney, Stephen and Min Bista. 2009. Community Schooling in Nepal: A Genealogy of Education Reform since 1990. *Comparative Education Review* 53(2): 189–211.

Cornwall, Andrea. 2007. Buzzwords and Fuzzwords: Deconstructing Development Discourse. *Development in Practice* 17(4): 471–484.

Edwards, Rebbeca M. 2011. Disconnect and Capture of Education Decentralisation Reforms in Nepal: Implications for Community Involvement in Schooling. *Globalisation, Societies and Education* 9(1): 67–84.

Fuller, Bruce. 1991. *Growing-Up Modern: The Western State Builds Third-World Schools*. New York: Routledge.

GFA (GFA Consulting Group GmbH). 2016. *Joint Evaluation of Nepal's School Sector Reform Plan Programme 2009-2016*. Kathmandu: GFA Consulting Group GmbH in collaboration with CEI/ÖSB/GVG/HDC.

Gopalan, Pritha. 2013. *PPP Paradox: Promise and Perils of Public-Private Partnership in Education*. New Delhi: Sage Publications.

Hart, Keith and Horacio Ortiz. 2014. The Anthropology of Money and Finance: Between Ethnography and World History. *Annual Review of Anthropology* 43: 465–482.

GoN (Government of Nepal). 2016. *School Sector Development Plan (SSDP) 2016–2023*. Kathmandu: Ministry of Education.

GoN. 2017a. *Status Report 2016-017*. Bhaktapur: Ministry of Education.

GoN. 2017b. *Education in Figures 2017 (at a Glance)*. Kathmandu: Ministry of Education, Science & Technology.

Gupta, Akhil. 1995. Blurred Boundaries: The Discourse of Corruption, the Culture of Politics, and the Imagined State. *American Ethnologist* 22(2): 375–402.

Joshi, Priyadarshini. 2019. The Growth, Roles and Needs of the Private Education System: Private Stakeholder Perspectives from Nepal. *International Journal of Educational Development* 65: 57–67.

Karki, Shrochis. 2016. Positive Deviance: Success in Unexpected Places. *Studies in Nepali History and Society* 21(1): 113–149.

Levinson, Bradley A. and Dorothy C. Holland. 1996. The Cultural Production of the Educated Person: An Introduction. In *The Cultural Production of the Educated Person: Critical Ethnographies of Schooling and Local Practice*. Bradley A. Levinson, Douglas Foley and Dorothy C. Holland, eds., pp. 1–54. Albany: SUNY Press.

Liechty, Mark. 2003. *Suitably Modern: Making Middle-Class Culture in a New Consumer Society*. Princeton: Princeton University Press.

Lohani, Shiva, Ram Balak Singh and Jeevan Lohani. 2010. Universal Primary Education in Nepal: Fulfilling the Right to Education. *Prospects* 40(3): 355–374.

Maurer, Bill. 2006. The Anthropology of Money. *Annual Review of Anthropology* 35: 15–36.

Miller, Daniel. 2008. The Use of Value. *Geoforum* 39: 1122–1132.

Muzio, Tim Di and Richard H. Robbins. 2017. *An Anthropology of Money: A Critical Introduction.* New York and Oxon: Routledge.

Onta, Pratyoush. 1996. Ambivalence Denied: The Making of *Rastriya Itihas* in Panchayat Era Textbooks. *Contributions to Nepalese Studies* 23(1): 213–254.

Pandey, Rudra Raj, Kaisher Bahadur K.C. and Hugh Wood, eds. 1956. *Education in Nepal: Report of the Nepal National Education Planning Commission*. Kathmandu: College of Education.

Parry, Jonathan and Maurice Bloch. 1989. Introduction: Money and the Morality of Exchange. In *Money and the Morality of Exchange*. Jonathan Parry and Maurice Bloch, eds., pp. 1–32. Cambridge: Cambridge University Press.

Pigg, Stacey Leigh. 1992. Inventing Social Categories through Place: Social Representations and Development in Nepal. *Comparative Studies in Society and History* 34(3): 491–513.

Pradhan, Uma and Karen Valentin. 2020. Free Education? Blurred Public-Private Boundaries in State-Run Schooling in Nepal. *Studies in Nepali History and Society* 25(2): 277–298.

Pradhan, Uma, Shivana Shrestha and Karen Valentin. 2019. Disjunctured Reciprocity: Paradoxes of Community-school Relationship in Nepal. *Globalisation, Societies and Education* 17(5): 561–573.

Rappleye, Jeremy. 2019. Origins of the Faith: The Untold Story of Hugh Wood, American Development Assistance in the 1950s, and Nepal's Modern Education System. *Studies in Nepali History and Society* 24(1): 105–141.

Regmi, Kapil D. 2017. World Bank in Nepal's Education: Three Decades of Neoliberal Reform. *Globalisation, Societies and Education* 15(2): 188–201.

Shore, Chris and Dieter Haller. 2005. Introduction – Sharp Practice: Anthropology and the Study of Corruption. In *Corruption: Anthropological Perspectives*. Dieter Haller and Chris Shore, eds., pp. 1–28. London: Pluto Press.

Skinner, Debra and Dorothy Holland. 1996. Schools and the Cultural Production of the Educated Person. In *The Cultural Production of the Educated Person: Critical Ethnographies of Schooling and Local Practice*. Bradley A. Levinson, Douglas Foley and Dorothy C. Holland, eds., pp. 273–299. Albany: SUNY Press.

Stambach, Amy. 2000. *Lessons from Kilimanjaro: Schooling, Community, and Gender in East Africa.* New York: Routledge.

Srivastava, Prachi and Claire Noronha. 2016. The Myth of Free and Barrier-free Access: India's Right to Education Act – Private Schooling Costs and Household Experiences. *Oxford Review of Education* 42(5): 561–578.

Srivastava, Prachi and Su-Ann Oh. 2010. Private Foundations, Philanthropy, and Partnership in Education and Development: Mapping the Terrain. *International Journal of Educational Development* 30(5): 460–471.

Thapa, Amrit. 2015. Public and Private School Performance in Nepal: An Analysis Using the SLC Examination. *Education Economics* 23(1): 47–62.

Valentin, Karen. 2005. *Schooled for the Future? Education Policy and Everyday Life among Urban Squatters*. Greenwich: Information Age Publishing Inc.

Valentin, Karen. 2011. Modernity, Education and Its Alternatives: Schooling among the Urban Poor in Kathmandu. *Globalisation, Societies and Education* 8(4): 99–113.

Zhang, Wei and Mark Bray. 2017. Micro-neoliberalism in China: Public-Private Interactions at the Confluence of Mainstream and Shadow Education. *Journal of Educational Policy* 32(1): 63–81.

## लेखक परिचय

**उमा प्रधान** अक्सफोर्ड युनिभर्सिटीकी फेलो हुन् । यसअघि उनी आर्हुस विश्वविद्यालयमा पोष्ट डक्टरल फेलो थिइन् । *साइमल्टेनियस आइडेन्टिटिज : ल्यांग्वेज, एजुकेशन एण्ड द नेपाली नेशन* (सन् २०२०) की लेखक प्रधानको रुचि शक्ति, राज्य र समाजसँग शिक्षाको जेलिएको सम्बन्धका आयामहरू केलाउनु हो । ईमेल : uma.pradhan@area.ox.ac.uk

मानवशास्त्री **कारेन भ्यालेन्टिन** स्कूल अफ एजुकेशन, आर्हुस युनिभर्सिटीमा सहप्राध्यापक हुन् । उनले सन् १९९० को मध्यदेखि नेपालको शिक्षा क्षेत्रका विभिन्न पहलूबारे अध्ययन-अनुसन्धान र प्रकाशन गर्दैआएकी छन् । उनको सह-सम्पादनमा निस्किएको पछिल्लो पुस्तक *मोबिलिटी, एजुकेशन एण्ड लाइफ ट्र्याजेक्टोरिजः न्यू एण्ड ओल्ड माइग्रेटोरी पाथवेज* (सन् २०१९) हो । ईमेल : kava@dpu.dk